# अन्तर्राष्ट्रिय घरेलु श्रमिक महासङ्घ–अन्तर्राष्ट्रिय श्रम सङ्गठन
# एसियामा घरेलु बाल श्रमिकका समस्या सम्बोधनबारे प्रशिक्षक प्रशिक्षण कार्यक्रम
# ११–१४ फागुन २०७४, काठमाडौं, नेपाल

**हातेपत्र १.३. बाल अधिकार : बाल श्रम तथा घरेलु श्रममा बालबालिका र युवाको संलग्नताबारे अन्तर्राष्ट्रिय एवं राष्ट्रिय कानुन** (यसै कार्यशालाका लागि तयार गरिएको)

## १. यी कानुन किन महत्वपूर्ण छन् ?

कानुनले कुनै समुदायमा रहेका सबै मानिसलाई निश्चित नियम मान्न बाध्य बनाउँछन् । राष्ट्रिय कानुनहरूले हाम्रो सामान्य सुरक्षा तथा अधिकारको संरक्षण गर्छन् । यिनले साझा हितको प्रवर्द्धन तथा विवादको शान्तिपूर्ण समाधान गर्दै समाज तथा यसका सदस्यलाई निश्चित सेवा प्रदान गर्दछन् । निश्चित विषयहरूमा अन्तर्राष्ट्रिय, राष्ट्रिय, क्षेत्रीय, प्रादेशिक तथा स्थानीय कानुनहरू विद्यमान हुन्छन् ( जसलाई कहिलेकाँहि नियमावली वा नियम पनि भनिन्छ) ।

श्रमसँग सम्बन्धित प्रायः विषयहरू राष्ट्रिय श्रम कानुन वा श्रम संहितामा समेटिन्छन् । यी कानुनले श्रमिक तथा रोजगारदाताका अधिकार र जिम्मेवारीसँगै सरकारका दायित्व पनि स्पष्ट गर्दछन् । यी कानुनमा प्रायशः रोजगारीका लागि न्यूनतम उमेर तथा बालबालिका एवं साना उमेरका श्रमिकको संरक्षणका लागि अवलम्बन गरिने उपाय पनि उल्लेख हुन्छन् ।

सामान्यतया प्रायः देशका श्रम कानुनले सार्वजनिक तथा निजी औपचारिक क्षेत्रमा कार्यरत (निजामती कर्मचारी, नर्स, शिक्षक तथा ब्याङ्क, कारखाना, निर्माण क्षेत्र, होटेल अनि रेस्टुरेन्ट आदिका श्रमिक लगायत) श्रमिकलाई मात्र समेट्दछन् । तर, विशेष गरी विकासशील मुलुकहरूमा (घरेलु श्रमिक लगायत) धेरै श्रमिकहरू अनौपचारिक अर्थतन्त्रमा रहेकाले विगत लामो समयदेखि श्रमिक सङ्गठनरूले यी क्षेत्रको औपचारिकीकरणका लागि अभियान चलाइरहेका छन् ता कि अनौपचारिक श्रममा संलग्न श्रमिकले पनि औपचारिक क्षेत्रमा झैं समान प्रतिष्ठा र अधिकार पाऊन् । अन्तर्राष्ट्रिय श्रम सङ्गठनको घर आधारित श्रमबारे महासन्धि १७७ (सन् १९९६), घरेलु श्रमबारे महासन्धि १८९ (सन् २०११) तथा अनौपचारिकबाट औपचारिक श्रमको सङ्क्रमणबारे सिफारिस २०४ (सन् २०१५) यस विश्वव्यापी अभियानका कोसढुङ्गा हुन् ।

प्रायः देशहरूमा बाल श्रमिक लगायत बालबालिकालाई दुर्व्यवहार तथा शोषणबाट बचाउनका लागि विशिष्ट कानुनहरू छन् भने केही देशहरूमा अन्तराष्ट्रिय श्रम सङ्गठनका महासन्धि तथा संयुक्त राष्ट्र सङ्घको बाल अधिकार महासन्धिमा आधारित बाल श्रमसँग सम्बन्धित कानुन पनि छन् ।

## २. अन्तर्राष्ट्रिय श्रम सङ्गठनका महासन्धिहरू

श्रम मामिलाका लागि संयुक्त राष्ट्र सङ्घीय निकाय, अन्तर्राष्ट्रिय श्रम सङ्गठनले बाल श्रमिकको संरक्षण तथा बाल श्रमका सम्बन्धमा राष्ट्रिय कानुनका लागि आधार प्रदान गर्दछ । घरेलु काममा बाल श्रमिकको संलग्नताबारे लागू भएका मुख्य तिन महासन्धि यस प्रकार छन् :

- श्रमको न्यूनतम उमेरबारे महासन्धि १३८ (सन् १९७३)
- निकृष्ट बाल श्रमबारे महासन्धि १८२ (सन् १९९९)
- घरेलु श्रमबारे महासन्धि १८९ (सन् २०११)

Nepali summary translation of IDWF-ILO (2017). Handout H1.3 - The rights of the child: international and national laws on child labour and children and youth in domestic work, in Tackling Child Labour in Domestic Work: a Handbook for action for domestic workers and their organizations, page 67-72. Available in https://goo.gl/3Zaicr

महासन्धि १३९ बाल श्रम उन्मूलनका लागि अन्तर्राष्ट्रिय सहमति हो । यसको अनुमोदन गर्ने हरेक देशले कानुन निर्माण तथा कार्यान्वयनमा यो महासन्धिको सम्मान तथा पालना गर्नुपर्दछ । साथै उनीहरूले आफ्नो देशको रोजगारीका लागि न्यूनतम उमेर क्रमशः बढाउँदै जानुपर्छ ।

महासन्धि १८२ 'बाल श्रमका निकृष्ट स्वरूप'माथि तत्काल प्रतिबन्ध तथा तिनको उन्मूलनका लागि भएको अन्तर्राष्ट्रिय सहमति हो ।

महासन्धि १८९ले निम्न तथ्य स्विकारेको छ : क. घरेलु श्रम पनि श्रम हो, ख. अतः घरेलु श्रमिकले पनि अन्य श्रमिक सरह अधिकार पाउनुपर्छ, अनि ग. कामको प्रकृति तथा स्थानका आधारमा घरेलु श्रमिकलाई थप संरक्षण आवश्यक पर्दछ । आधारभूत अधिकार तथा सिद्धान्तको व्याख्या गर्दै यस महासन्धिले राज्यहरूलाई घरेलु श्रमिकका काम पनि मर्यादित भएको सुनिश्चित गर्न विभिन्न उपाय अवलम्बन गर्न निर्देशित गर्दछ ।

एसिया प्रशान्त क्षेत्रका अधिकांश देशहरूले महासन्धि १३८ र १८२को अनुमोदन गरेका छन् भने हालसम्म फिलिपिन्सले मात्र महासन्धि १८९को अनुमोदन गरेको छ । सबै उमेरका घरेलु श्रमिको कामलाई मर्यादित बनाउनका लागि यसको अनुमोदन एक महत्वपूर्ण खुट्किलो हुन सक्छ ।

## ३. संयुक्त राष्टङ्घको बाल अधिकार महासन्धि

अन्तर्राष्ट्रिय मानव अधिकार कानुन अनुसार बालबालिकाका मानव अधिकार दुई प्रकारका छन् :

क. विवाह गर्ने अधिकार लगायतका केही अधिकारका लागि निश्चित उमेर आवश्यक पर्ने भए पनि बालबालिकाका सामान्य आधारभूत अधिकारहरू वयस्कका समान छन् ।

ख. यस बाहेक उनीहरूलाई आफ्नो नाबालिग अवस्थाभरि, अर्थात् १८ वर्ष उमेर नपुगेसम्मका लागि, संरक्षणका लागि विशेष मानव अधिकारहरू पनि आवश्यक पर्दछन् ।

अन्य अधिकारहरूका अतिरिक्त बालबालिकाका मानव अधिकारहरू निम्न अनुसार छन् : जीवनको अधिकार, नामको अधिकार, आर्थिक तथा यौन शोषणबाट संरक्षणको अधिकार, शिक्षाको अधिकार, आफ्ना चासोका विषयमा विचार राख्ने अधिकार, विचारको स्वतन्त्रता, विवेक तथा धर्मको अधिकार, स्वास्थ्यको अधिकार ।

बाल अधिकारको अवधारणा तुलनात्मक रूपमा नयाँ हो । उन्नाइसौँ तथा बिसौँ शताब्दीमा मात्र बाल अधिकारबारे छलफल सुरु भएको हो । त्यसभन्दा अगाडि बालबालिकालाई उनीहरूका आमाबा वा अन्य अभिभावकको सम्पत्ति एवं 'ठुला वयस्क'को नियन्त्रणमा रहेका 'साना वयस्क' मानिन्थ्यो । सुरुवातमा बाल अधिकार अभियान बालबालिकालाई पनि संसारका समान नागरिक सरह सम्पूर्ण अधिकार दिलाउन भन्दा पनि त्यति बेला व्यापक रहेको बाल श्रमलाई कानुनी मान्यता नदिने लगायतका संरक्षणका विषयमा केन्द्रित थियो ।

राष्ट्र सङ्घको पूर्व स्वरूप लिग अफ नेसन्सले सन् १९२४मा सर्वप्रथम बाल अधिकार घोषणा जारी गरेको थियो । त्यसको करिब ३५ वर्षपछि सन् १९५९ राष्ट्र सङ्घले दोस्रो घोषणा जारी गर्‍यो । त्यसपछिको ३० वर्षको विश्वव्यापी छलफल र बहसपछि राष्ट्र सङ्घले सन् १९८९मा **बाल अधिकार महासन्धि** जारी गर्‍यो । संसारका प्रायः सबै देशले अनुमोदन गरेको यो दस्ताबेज आफैँमा विशिष्ट छ : बालबालिकाका आधारभूत नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा मानवीय अधिकारका विश्वव्यापी मापकलाई एकीकृत गर्ने पहिलो अन्तर्राष्ट्रिय कानुन यही हो । बालबालिकाले मानव अधिकार मात्र नभएर आफ्ना विशेष आवश्यकताको सम्बोधनका लागि विशेष अधिकार तथा संरक्षण

पाउनुपर्ने कुरामा यस महासन्धिको जोड रहेको छ । यसका पक्ष राष्ट्रहरूले महासन्धिको कार्यान्वयनका लागि भएका कामबारे राष्ट्र सङ्घको बाल अधिकार समितिमा आवधिक प्रतिवेदन बुझाउनुपर्छ । यसै प्रतिवेदनका आधारमा समितिले महासन्धि कार्यान्वयनको अवस्था मूल्याङ्कन गर्दै सुधारका लागि दिशानिर्देश गर्दछ ।

यस महासन्धिमा ४१ धारा छन् । धारा ३२मा बाल श्रमको कुरा गरिएको छ । अन्तर्राष्ट्रिय श्रम सङ्गठनका महासन्धिहरूमा आधारित रही बाल अधिकार महासन्धिले निम्न कार्यका लागि आह्वान गर्दछ :

क. निम्न अवस्थाबाट बाल अधिकारको संरक्षण हुने कुराको स्वीकार :

- आर्थिक शोषण
- तलका कुनै पनि सम्भावना भएका काममा संलग्नता
    - जोखिमपूर्ण हुन सक्ने
    - शिक्षामा बाधा पुऱ्याउन सक्ने
    - बालबालिकाको स्वास्थ्य एवं शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक तथा सामाजिक विकासका लागि हानिकारक हुन सक्ने

ख. रोजगारीका लागि न्यूनतम उमेर निर्धारण

ग. रोजगारीका समय तथा सर्तबारे समुचित नियमन

घ. उल्लेखित व्यवस्थाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितताका लागि समुचित सजायको व्यवस्था

यस महासन्धिको धारा २८ शिक्षाबारे छ । यस धाराले सबै देशहरूलाई बालबालिकाको शिक्षाको अधिकारको कदर गर्दै निम्न कार्यका लागि आह्वान गरेको छ :

- प्राथमिक शिक्षालाई अनिवार्य गरी सबैका लागि यसको निःशुल्क उपलब्धता
- विद्यालयमा नियमित जाने बानीको प्रवर्द्धन तथा विद्यालय छाड्ने दर कम गर्नका लागि विशेष उपायको अवलम्बन

## ४. घरेलु श्रमबारे राष्ट्रिय कानुन, नियम तथा नियमावली

एसिया प्रशान्त क्षेत्रका अधिकांश देशका श्रम कानुनले रोजगारीका लागि न्यूनतम उमेर निर्धारण गरी बालबालिकालाई काममा लगाउने सर्त पनि उल्लेख गरेका छन् । यद्यपि वयस्क र बालबालिका दुबै प्रकारका घरेलु श्रमिको संरक्षणका लागि कानुन भएका देशहरूको सङ्ख्या यस क्षेत्रमा कमै छ किनकि अझै पनि घरेलु श्रमलाई अनौपचारिक रोजगारी मानिएको छ र यो श्रम कानुनको परिधिभित्र अटाउन सकेको छैन ।

यद्यपि बालबालिका तथा साना उमेरका श्रमिकको संरक्षणका लागि क्षेत्रीय तथा स्थानीय नियमहरूको सङ्ख्या बढ्दो छ । यस्ता केही नियमहरू घरेलु काममा संलग्न बालबालिका तथा युवाको संरक्षणका लागि प्रभावकारी सिद्ध भएका छन् ।

## ५. कानुनको कार्यान्वयन र चुनौती

एसिया प्रशान्त क्षेत्रका धेरै देशहरूमा यस विषयमा कानुन बने पनि ती कागजमै सीमित हुनु मूल समस्या भएको छ । विद्यमान नियम कानुनलाई प्रभावकारी नीति तथा क्रियाकलापमा रूपान्तरण गर्नका

लागि धेरै काम गर्नु आवश्यक छ र यस अन्तर्गत कानुन उल्लङ्घन गर्नेका लागि उपयुक्त सजाय पनि एक हो । यसतर्फको यात्रामा धेरै चुनौतीहरू सामना गर्नुपर्ने हुन्छ । त्यसमध्ये केही प्रमुख यस प्रकार छन् :

**विद्यमान दृष्टिकोण** : प्रायजसो समाजमा के सोचाइ विद्यमान छ भने आफ्ना सन्तानका बारेमा निर्णय लिन आमाबा (तथा अन्य अभिभावक)लाई पूर्ण अधिकार छ, चाहे त्यसले बालबालिकाको शारीरिक, मानसिक तथा नैतिक सुस्वास्थ्यमा जोखिम नै किन नल्याओस् वा ती निर्णय उनीहरूका सर्वोत्तम हितका विरुद्ध किन नहोऊन् । स्पष्टै छ कि बालबालिकाको पढाइ छुटाएर काममा पठाउनु उनीहरूको सर्वोत्तम हितमा छैन । त्यसो गर्नु भनेको बाल अधिकारको हनन हो भनेर बाल अधिकार महासन्धि तथा अन्तर्राष्ट्रिय श्रम सङ्गठनका महासन्धिहरूमा भनिएको छ । विभिन्न देशका कानुनले पनि यस्ता क्रियाकलापमा प्रतिबन्ध लगाएका छन् ।

**बालबालिकाको कमजोर तथा निम्न स्तरको अवस्था** : बालबालिकालाई समाजमा दिइएको कमजोर तथा निम्न स्तर पनि एक मुख्य चासोका रूपमा रहेको छ । घरेलु बाल श्रमिकलाई श्रमिकका रूपमा स्वीकार नगर्ने आम प्रवृत्ति तथा तिनको कमजोर सामाजिक तथा आर्थिक पृष्ठभूमिले उनीहरूको अवस्थालाई झन् दयनीय बनाएको छ । फल स्वरूप, बालबालिका आफ्ना आवाज सुनाउन असमर्थ छन्, उनीहरूको प्रभाव कमजोर छ तथा आफ्नो अधिकारको दाबी गर्न उनीहरूसामु धेरै चुनौती छन् ।

**कानुनी ढाँचा, कार्यान्वयन तथा अनुगमनसँग सम्बन्धित समस्याहरू** : एसिया प्रशान्त क्षेत्रमा कानुनसँग सम्बन्धित समस्याहरू धेरै नै छन् । तीमध्ये केही यस प्रकार छन् :

- सामान्यतया घरेलु बाल श्रमलाई अनौपचारिक अर्थतन्त्रको एक हिस्साका रूपमा लिइन्छ । अतः बाल श्रमबारे कानुन हुँदाहुँदै पनि यो विषय अझै पनि राष्ट्रिय श्रम कानुनको दायराभन्दा बाहिरै रहेको छ । उदाहरणका लागि, भारतको बाल श्रम (निषेध तथा नियमन) ऐनले घरेलु बाल श्रमिकलाई समेट्न सकेको छैन किनकि राष्ट्रिय श्रम कानुनले नै घरेलु श्रम वा घरमा आधारित रोजगारीबारे तोकेर केही बोलेको छैन । उक्त देशका बाल श्रमसँग सम्बन्धित अन्य कानुनको अध्ययनमा पनि सरकारले घरेलु बाल श्रमलाई गैर कानुनी मानेको तथा बालबालिकाका लागि प्रतिबन्ध लगाइनुपर्ने वा नियमन गरिनुपर्ने जोखिमपूर्ण कामको सूचीमा राखेको देखिएको छैन ।
- (भारत लगायतका केही देशलाई छाडेर) एसिया प्रशान्त क्षेत्रका अधिकांश देशहरूले निकृष्ट बाल श्रमबारे महासन्धि १८२ पारित गरेका छन् । यस महासन्धि अनुसार ती देशहरूले निकृष्ट बाल श्रम अन्तर्गत पर्ने जोखिमपूर्ण कामहरूको सूची बनाउनुपर्ने हुन्छ । तर धेरै देशले यो जिम्मेवारी पूरा गरेका छैनन् । धेरै देशहरूमा १६देखि १७ वर्षको उमेरका बालबालिकालाई जोखिमपूर्ण श्रमबाट जोगाइनुपर्ने बालबालिकाको सूचीमा राखिएको छैन । अतः उनीहरू निकृष्ट बाल श्रमको जोखिममै छन् ।
- बाल श्रमको पर्याप्त अनुगमन, श्रम निरीक्षक तथा अधिवक्ताको प्रशिक्षणका लागि पर्याप्त स्रोतसँगै यस्ता जनशक्तिकै अभावका कारण धेरै देशहरूमा बाल श्रम कानुनको कार्यान्वयन चुनौतीपूर्ण छ । घरेलु बाल श्रमका हकमा कार्य स्थल निजी घर हुने हुनाले अनुगमन थप चुनौतीपूर्ण छ । अतः सम्बन्धित निकायहरू बाल श्रमिकप्रति हुने दुर्व्यवहार तथा शोषण रोकथामका लागि आफैं सक्रिय हुनुको सट्टा घटना भएपछि प्रतिक्रिया जनाउने भूमिकामा सीमित छन् । घरेलु बाल श्रमिकको

पहिचान तथा तिनको अवस्थाको अनुगमनका लागि सूचना एवं तथ्याङ्क सङ्कलन गर्न सामुदायिक निगरानी प्रणालीको तत्काल स्थापना गरी यसलाई संस्थागत गर्नु आवश्यक भएको छ । **रोकथाम, पहिचान तथा अनुगमनका लागि** जिल्ला तथा स्थानीय स्तरका अधिकारी, घरमूलीका सङ्गठन तथा स्थानीय धार्मिक समूहहरूबीचको सहकार्यलाई बढावा दिइनुपर्छ । उनीहरूसँग बाल श्रमिक तथा तिनका रोजगारदाताबीचको सम्बन्धका गतिशील आयामबारे जानकारी मात्र नभई उनीहरूसँग सम्पर्क गर्ने पहुँच पनि हुन्छ । **बाल श्रमिकसँगै तथा नजिकै रहेर काम गरिरहेका वयस्क घरेलु श्रमिकले यसमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् ।**

- नियम कानुनको प्रभावकारी कार्यान्वयनका लागि नियम नमान्नेलाई कडा सजायको व्यवस्था हुनुपर्छ । फिलिपिन्सका अभियानकर्मीहरूले त्यहाँ भएका विद्यमान सजायका व्यवस्था कानुन उल्लङ्घनकर्तालाई हतोत्साहन गर्न अत्यन्त फितलो भएको निष्कर्ष निकालेका छन् । कामका दौरान हुने हानि वा जोखिमको क्षतिपूर्ति वयस्क श्रमिकको भन्दा बाल श्रमिकका लागि बढी हुनुपर्ने उनीहरूको सुझाव छ ।

**घरेलु श्रमको कदरको अभाव तथा अवमूल्यन** : वयस्क घरेलु श्रमिकहरूले निर्धारित समयभन्दा धेरै काम गर्दा पनि कम ज्याला पाउनुपर्ने तथा अन्य संरक्षण नपाउने अवस्थामा उनीहरूको रोजगारीको अवमूल्यन भएको छ भने नियमनको अवस्था पनि कमजोर छ । घरेलु बाल श्रमिकको अवस्था पनि करिब समान छ । राष्ट्रिय श्रम तथा सामाजिक नीतिमा घरेलु श्रमलाई 'वास्तविक श्रम'का रूपमा पहिचान गरिनु घरेलु काममा बाल श्रमको प्रयोग सम्बोधन तथा उन्मूलन गर्न, अनि साना उमेरका घरेलु श्रमिकको थप संरक्षण गर्नका लागि मार्गदर्शक ढाँचा र सुरुवाती विन्दु हुन सक्छ । घरेलु श्रमिकको अधिकारका लागि सङ्घर्षरत अभियानकर्मीको निरन्तर दबाब र अभियानको फल स्वरूप एसियाका फिलिपिन्स, हङ्कङ्, भारत, इन्डोनेसिया तथा थाइल्यान्ड लगायत विभिन्न देशमा राष्ट्रिय, प्रादेशिक तथा नगर स्तरमा विभिन्न कानुन तथा आदेशहरूको सङ्ख्या बढ्दो छ ।

Nepali summary translation of IDWF-ILO (2017). Handout H1.3 - The rights of the child: international and national laws on child labour and children and youth in domestic work, in Tackling Child Labour in Domestic Work: a Handbook for action for domestic workers and their organizations, page 67-72. Available in https://goo.gl/3Zaicr